

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १६० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार ८ गते शनिबार ❑ 22 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## स्वस्थ जीवनशैलीका लागि योग र साधना अपरिहार्य छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, ७ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले हरेक ब्यक्तिकालागि योग र साधना सँधै अपरिहार्य रहेको बताएका छन् ।

अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा भारतीय दूतावासको आयोजनामा पोखरामा शुक्रवार आयोजित कार्यक्रममा बोल्दै उनले भने 'आजको दिनमा योगको महत्व भनै धेरै छ, तनावबाट मानिसलाई मुक्त गराउन योग, ध्यान र साधन जरुरी छ ।' योगलाई शारीरिक रुपमा स्वस्थ, मानसिक रुपमा शान्त र आध्यात्मिक चेतका साथ जिउन सिकाउने कलाको रुपमा चिनिन्छ । योगले मानिसको जीवनशैली अनुशासित बनाउनुका साथै



शारीरिक र मानसिक रुपमा चुस्त राख्न मद्दत पुग्ने मुख्यमन्त्री पाण्डेले बताए ।

गण्डकी प्रदेश सरकारले आगामी वर्ष 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' भन्ने नाराका साथ स्थानीय तहहरुको सहयोगमा स्वस्थ जीवनशैलीका लागि योग कार्यक्रम संचालन गर्न लागेको उनले बताए । 'पोखरा महानगरपालिका भित्र योग साधना केन्द्र संचालन गर्ने योजना पनि छ' मुख्यमन्त्री पाण्डेले भने 'नेपालको पर्यटकीय राजधानी पोखरालाई हामी धार्मिक र योग पर्यटनका हिसाबले पनि अघि बढाउन चाहान्छौं ।' संयुक्त राष्ट्रसंघले सन् २०१५ देखि जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसका रुपमा मनाउन सुरु गरेको हो । अन्तर्राष्ट्रिय योग दिवस मनाउने व्यवस्थाका लागि सन् २०१४ मा संयुक्त राष्ट्रसंघको महासभामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रस्ताव गरेका थिए ।

प्रस्तावलाई नेपालका तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले समर्थन गरेको स्मरण गर्दै मुख्यमन्त्री पाण्डेले योग दिबसले नेपाल भारत बिचको सम्बन्धलाई थप प्रगाढ बनाउँदै आएको बताए । उक्त कार्यक्रममा भारतीय राजदुत नवीन श्रीवास्तव, जनप्रतिनिधिहरु लगायतको सहभागीता रहेको थियो ।

## पर्यटन यातायात क्षेत्रका मजदुर तथा व्यवसायीलाई तालिम

पोखरापत्र संवाददाता
पोखरा, ७ असार




नेपाल पर्यटक यातायात व्यवसायी संघ(एनटिभिए) गण्डकी प्रदेशको आयोजना एवम् नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहयोगमा पर्यटन यातायात क्षेत्रका मजुदर( चालक/सहचालक) तथा व्यवसायीका लागि दुई दिने तालिम शुक्रबारदेखि सुरु भएको छ।

तालिमको उद्घाटन गर्दै गण्डकी प्रदेशका उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयका सचिव कुमानसिंह गुरुङले पर्यटनमैत्री वातावरणका लागि यातायात व्यवस्था राम्रो हुनुपर्नेमा जोड दिनुभयो। यातायात व्यवस्थालाई सहज एवम् प्रभावकारी बनाउनका लागि राम्रो इन्जिनियरिङ भएको बाटो, सबारीसाधनको राम्रो इन्जिनका साथै यातायात शिक्षाको पालना आवश्यक भएकोमा उहाँले जोड दिनुभयो । पर्यटक यातायात सेवामा सञ्चालन हुने सवारी साधनमा इम्बोष्ड नम्बर पहिचान दिने खालको बनाउन आवश्यक पहल भैरहेको बताउँदै उहाँले पहिचान भएको इम्बोष्ड नम्बर प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । एनटिभिए गण्डकीका अध्यक्ष दुर्गादत्त दहालले २४० प्रतिशत भन्सारका साथै वार्षिक नविकरण लगायतका कारणले पर्यटक यातायातका साधनहरू खरिद एवम् सञ्चालन खर्चिलो भएको बताउनुभयो ।

विदेशी ठूलाठूला सवारी साधनहरू स्थानीय दृश्यावलोकन गन्तव्यमा पुग्दा पर्यटन क्षेत्र अस्तव्यस्त बनिरहेको बताउँदै उहाँले ती सवारी साधनलाई व्यवस्थित पार्किङ गरी स्थानीय सवार ीसाधनबाट दृश्यावलोकनको व्यवस्था मिलाउनु जरुरी रहेको बताउनुभयो । पर्यटक यातायात सेवाको प्रभावकारिताका लागि तालिम आयोजना गरिएको बताउँदै उहाँले तालिममा १०० जना भन्दा बढीको सहभागिता रहेको जानकारी दिनुभयो ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख नविन पोखरेलले पर्यटक सवारी साधनहरूप्रतिको विश्वसनीयतालाई कायम गर्दै प्रभावकारी सेवामा निरन्तर लाग्नुपर्ने बताउनुभयो। एनटिभिए गण्डकीका पूर्व अध्यक्ष एवम् सल्लाहकार बोबरजंग गुरुङले पर्यटक सवारी साधनको प्रभावकारिताका लागि वार्षिक क्यालेन्डर अनुसार नै यातायात क्षेत्रमा कार्यरत मजदुर(चालक/सहचालक) तथा व्यवसायीका लाति तालिम दिदै आइएको बताउनुभयो । यस किसिमका तालिम दिदै आइएपनि बढ्दो विदेशिने क्रमले तालिमप्राप्त जनशक्ति टिकाउन भने मुस्किल हुने गरेको उहाँको भनाइ छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले हरियो नम्बर प्लेटका पर्यटक सवारी साधनहरु अधिकांशतः कम दुर्घटना हुनुका साथै राम्रो कण्डिशनमा रहने गरेको अनुभव सुनाउनुभयो । एनटिभिए गण्डकीका अध्यक्ष दुर्गादत्त दहालको अध्यक्षता एवम् महासचिव विकास कंडेलले सञ्चालन गर्नुभएको कार्यकम्रमा प्रथम उपाध्यक्ष रवि आचार्यले स्वागत गर्नुभएको थियो । तालिमको संयोजकमा एनटिभिए गण्डकीका द्वितीय उपाध्यक्ष सूर्यबहादुर गुरुङ रहनुभएको थियो ।

## जेष्ठ नागरिकको ज्ञान र सिपको उपयोग गर्नुपर्दछ–सभामुख धिताल

पोखरापत्र संवाददाता
पोखरा, ७ असार

गण्डकी प्रदेशका सभामुख कृष्णप्रसाद धितालले जेष्ठ नागरिको ज्ञान, सिप र अनुभवको उपयोग गर्नुपर्ने बताउनु भएकोछ।

राष्ट्रिय जेष्ठ नागरिक महासंघ केन्द्रीय समितिको आयोजना एवम् महिला तथा वालवालिका मन्त्रालयको सहयोगमा पोखरामा शुक्रबार आयोजित जेष्ठ नागरिक संस्थाहरुको अनुगमनमा सरोकारवालासंग भएको अन्तर कृया कार्यक्रममा बोल्दै उहाँले सो कुरा बताउनु भएको हो ।

जेष्ठ नागरिक भनेका समाजका जिउदो इतिहास भएको बताउँदै उहाँले उनीहरुको योगदानको उच्च कदर गर्दै सामाजिक, आर्थिक र राजनितीक क्षेत्रको ज्ञान



नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्नेआवश्यकताऔल्याउनुभयो।

राष्ट्रिय परिचय पत्र विना सामाजिक सुरक्षा भक्ता वितरण नगर्ने सरकारको निर्णयले जेष्ठ नागरिकले दुःख पाएको धारणा राख्दै सभामुख धितालेले भन्नुभयो, "घर घरमा पुगेर जेष्ठ नागरिकलाई परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाउनु अपरिहार्य छ ।"

कार्यक्रममा जेष्ठ नागरि कसंग सम्वन्धित बिभिन्न व्यक्तिहरुलाई सम्मान गरिएको थियो । सो अवसरमा हेप्पि हेल्पका संस्थापक डा. यज्ञमान शाक्य, राधाकृष्ण बृद्धाश्रमका प्रेम लिगल, दलित महासंघका केन्द्रीय अध्यक्ष खरिलाल विश्वकर्मा, जेष्ठ नागरिक समिति पोखरा १७ अध्यक्ष टोपराज ढुङगाना, उपाध्यक्ष विष्णुमाया बास्तोला र समाजसेवी गिरा पन्त कोइरालालाई दोसल्ला र सम्मान पत्रले सम्मान गरिएको थियो ।

राष्ट्रिय जेष्ठ नागरिक महासंघका केन्द्रीय सदस्य एवम् कार्यक्रम संयोजक मोहनलाल श्रेष्ठले जेष्ठनागरिकको संवैधानिक हक हित र सुविधाको प्रत्याभूति हुने गरि कार्यान्वयन गर्न सरकारसंग माग गर्नुभयो ।

महासंघका महासचिव कुशुमकेशव पराजुली, आयुर्वेद चिकित्सक विपी रेग्मीले जेष्ठ नागरिकका हक अधिकारका विषयमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको कार्यक्रममा सम्मानति व्यक्तित्व टोलपराज ढुङ्गाना, संघका गण्डकी प्रदेश अध्यक्ष उमान सिंह कार्की र जिल्ला अध्यक्ष केशव ढकालले जेष्ठ नागरिकको आश्रममा नभई घरघरमा नै राख्ने व्यवस्था गर्दै परिवारलाईचेतनामूलकसन्देशप्रवाह गर्नुपर्नेमा जोड दिनु भएको थियो।

## एघार महिनामा १३ खर्ब १४ अर्बको व्यापार घाटा

रासस
काठमाडौं, ७ असार

चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिना अवधिमा मुलुकले रु १३ खर्ब १४ अर्ब ४४ करोड बराबर व्यापार घाटा ब्यहोरेको छ।

भन्सार विभागले शुक्रबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार यो अवधिमा नेपालले रु १४ खर्ब ५३ अर्ब ७० करोड ४१ लाखको आयात गर्दा रु एक खर्ब ३९ अर्ब २६ करोड २३ लाख बराबरको मात्रै निर्यात गरेको हो।

विभागका अनुसार ११ महिनामा नेपालले कूल रु १५ खर्ब ९२ अर्ब ९६ करोड ६५ लाख बराबरको वैदेशिक व्यापार गरेको छ । गत आर्थिक वर्षको सोही अवधिमा गरेको कूल वैदेशिक व्यापारको तुलनामा यो एक दशमलव ९५ प्रतिशतले कम हो। गत आर्थिक वर्ष २०७९/८० को जेठ महिनासम्ममा कूल रु १६ खर्ब २४ अर्ब ५६ करोड बराबरको वैदेशिक व्यापार भएको थियो । गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा आयात एक दशमलव ८४, निर्यात तीन दशमलव एक र वैदेशिक व्यापार घाटा एक दशमलव ७२ प्रतिशतले घटेको हो ।

जेठ मसान्तसम्ममा नेपालले भारतसँग मात्र रु आठ खर्ब १३ अर्ब ७८ करोड २९ लाख बराबर व्यापारघाटा व्यहोरेको छ । भारतसँग रु नौ खर्ब आठ अर्ब २९ करोड ९२ लाखको आयात हुँदा रु ९४ अर्ब ५१ करोड बराबरको मात्रै निर्यात भएको छ । अर्को छिमेकी मुलुक चीनसँग ११ महिना अवधिमा रु दुई खर्ब ७० अर्ब ४० करोड व्यापार घाटा देखिएको छ । चीनबाट रु दुई खर्ब ७२ अर्ब ८१ करोड को आयात हुँदा रु दुई अर्ब ४० करोड ९८ लाख बराबर निर्यात देखिएको हो । बढी व्यापार घाटा देखिएका मुलुकको सूचीमा युनाइटेड अरब इमिरेट्स तेस्रो नम्बरमा छ । युएईसँग रु २८ अर्ब ४८ करोड २५ लाखको आयात र रु दुई अर्ब ४२ करोड ८३ लाखको निर्यात हुँदा कूल रु २६ अर्ब पाँच करोड ४२ लाख बराबरकोव्यापारघाटादेखिएकोहो।

नेपालको वैदेशिक व्यापारमा सबैभन्दा नाफा अफगानिस्तानसँग देखिएको छ । चालु आर्थिक वर्षको जेठ मसान्तसम्ममा अफगानिस्तानबाट रु एक करोड १६ लाख ९० हजार बराबरको आयात हुँदा रु ४० करोड ३४ लाख ९७ हजार बराबर निर्यात भएको छ। अर्थात् नेपालले अफगानिस्तानसँगको व्यापारमा रु ३९ करोड १८ लाख सात हजार बराबर फाइदा गरेको छ।

त य स त ै , नर्वे, सुडान, आइसल्यान्ड, मौरिससलगायतका मुलुकसँगको व्यापारमा पनि नाफा देखिएको छ।

## निरोगी समाज निर्माण गर्न योग अपरिहार्य छ : अध्यक्ष ओली

रासस
पोखरा, ७ असार

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निरोगी समाज निर्माण गर्न योग अपरिहार्य भएको बताउनुभएको छ।

अन्तर्राष्ट्रिय योग दिवसका अवसरमा शुक्रबार एमालेद्वारा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले आफ्नो परिवार, छिमेकी र सिङ्गो मानव समुदायका लागि मस्तिष्कको सदुपयोग हुनु प्रमुख कुरा भएको बताउनुभयो। योगले शारीरिक, मानसिक स्वच्छताका साथै आचरण, व्यवहार र क्रिया-कर्मको समेत स्वच्छता र पवित्रताको मार्गदर्शन गर्ने उहाँको धारणा छ। "योग कसैलाई चाहिने, कसैलाई नचाहिने होइन, यो सबै मानव जातिको साझा सम्पत्ति हो", अध्यक्ष ओलीले भन्नुभयो । योगको सार अहिंसा, सत्य धारण र शरीरको नियन्त्रण भएको उहाँले बताउनुभयो। मानिसलाई स्वस्थ जीवन जिउन र असल कर्म गर्न सिकाउने कुरा योग हो भन्ने कुरा बुझ्नुपर्नेमा उहाँले जोड दिनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्कीका संचालित बिकास आयोजनाहरूको प्रगती समिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार



कास्कीका बिकास आयोजना सम्बद्ध कार्यालयहरूका प्रमुखहरू संग चालू आर्थिक बर्ष २०८० - ८१ का संचालित बिकास आयोजनाहरूको प्रगती समिक्षा कार्यक्रम सम्पन्न भएको छ।

समिक्षामा कास्कीमा सन्चालित राष्ट्रिय गौरवका आयोजनाहरूको बित्तिय र भौतिक प्रगती सहित आयोजनामा भएका कठिनाई र निराकरणका उपायका सम्बन्धमा छलफल गरिएको पौडेल जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनुभयो।

समिक्षामा प्रमुख पौडेलले कठिनाइहरूको निराकरणमा केन्द्रीत हुन आग्रह गर्दै समयमा आयोजना सम्पन्न गर्नुको बिकल्प नभएको उल्लेख गर्नुभयो । समिक्षामा बहुबर्षिय आयोजनामा अति न्यून बजेट बिनियोजित हुनु, स्रोत सुनिश्चितता समयमै नहुदा आयोजना समयमा सम्पन्न गर्न कठिनाइ भएको र गुणस्तर समेत प्रभावित हुने समस्या पहिचान भएका छून।

बिनियोजित बजेट समेत रकमान्तर हुनु, संरक्षण क्षेत्रहरूमा बाताबरण प्रभाब मुल्यांकनमा कठिनाइ भएको लगाएतका समस्या पहिचान भएका छून । समिक्षामा जलस्रोत तथा सिचाइ डिभिजन कार्यालय, पूर्बाधार बिकास कार्यालय, संघीय आयोजना कार्यान्वयन इकाइ कार्यालय, संघीय खानेपानी तथा ढल ब्यस्थापन आयोजना, सडक डिभिजन कार्यालय, स्थानिय पूर्बाधार बिकास आयोजना कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, रूपाताल संरक्षण एकीकृत बिकास परियोजना, मुग्लिङ्ग पोखरा सडक आयोजना पश्चिम खण्ड, शहरी बिकास तथा भवन निर्माण कार्यालय र मध्य पाहाडी लोकमार्ग कास्की खण्ड सहितले आफ्नो प्रगती समीक्षा पेश गरेको जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो।

# कास्कीका संचालित बिकास आयोजनाहरूको प्रगति समिक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार



कास्कीका बिकास आयोजना सम्बद्ध कार्यालयहरूका प्रमुखहरू संग चालू आर्थिक बर्ष २०८०/८१ का संचालित बिकास आयोजनाहरूको प्रगति समिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

समिक्षामा कास्कीमा सन्चालित राष्ट्रिय गौरवका आयोजनाहरूको बित्तिय र भौतिक प्रगति सहित आयोजनामा भएका कठिनाई र निराकरणका उपायका सम्बन्धमा छलफल गरिएको पौडेल जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनुभयो ।

समिक्षामा प्रमुख पौडेलले कठिनाइहरूको निराकरणमा केन्द्रीत हुन आग्रह गर्दै समयमा आयोजना सम्पन्न गर्नुको बिकल्प नभएको उल्लेख गर्नुभयो । समिक्षामा बहुबर्षिय आयोजनामा अति न्यून बजेट बिनियोजित हुनु, स्रोत सुनिश्चितता समयमै नहुदा आयोजना समयमा सम्पन्न गर्न कठिनाइ भएको र गुणस्तर समेत प्रभावित हुने समस्या पहिचान भएका छून। बिनियोजित बजेट समेत रकमान्तर हुनु, संरक्षण क्षेत्रहरूमा बाताबरण प्रभाब मुल्यांकनमा कठिनाइ भएको लगाएतका समस्या पहिचान भएका छून ।

समिक्षामा जलस्रोत तथा सिचाइ डिभिजन कार्यालय, पूर्बाधार बिकास कार्यालय, संघीय आयोजना कार्यान्वयन इकाइ कार्यालय, संघीय खानेपानी तथा ढल ब्यस्थापन आयोजना, सडक डिभिजन कार्यालय, स्थानिय पूर्बाधार बिकास आयोजना कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, रूपाताल संरक्षण एकीकृत बिकास परियोजना, मुग्लिङ्ग पोखरा सडक आयोजना पश्चिम खण्ड, शहरी बिकास तथा भवन निर्माण कार्यालय र मध्य पाहाडी लोकमार्ग कास्की खण्ड सहितले आफ्नो प्रगति समीक्षा पेश गरेको जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो।

# मानव अधिकार सम्बन्धि पाचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको आयोजनामा मानव अधिकार सम्बन्धि पाचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम शुक्रबार पोखरामा सम्पन्न भएको छ ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गर्नुभएको थियो।

पौडेलले सबैले अरूको अधिकारको सम्मान मात्रै गर्न सके मानव अधिकारको अबस्था मजबुत हुने उल्लेख गर्दै बिकासका क्रियाकलाप समेत अधिकारमा आधारित अबधारणामा अगाडी बढाउनु पर्ने बताउनुभयो। पौडेलले मानव अधिकारको बिश्वब्यापी घोषणा र नेपालले हस्ताक्षर गरेका अन्तरास्ट्रिय सन्धी अभि सन्धिको पूर्णपालना गर्दै कास्कीलाई पूर्ण मानव अधिकार प्रत्याभुत जिल्ला निर्माणमा सबै निकायले ध्यान दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारका प्रमुख सचिब लक्ष्मि कुमारी बस्नेत, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे, जिल्ला समन्वय समिति कास्कीका उप - प्रमुख सरिता माल, कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, गण्डकी प्रदेश प्रहरी प्रमुख डि आइ जि दुर्गा सिंह, कास्की प्रहरी प्रमुख मोहन कुमार थापा, ससस्त्र प्रहरी बल कालिका गण प्रमुख अरुण कुमार शर्मा, कास्की जिल्ला न्याधिबक्तृता गोपाल प्रसाद ढकाल, राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका अधिकृत खिमलाल सुवेदी, महिला मानव अधिकार रक्षक संजाल कास्कीका अध्यक्ष केशु भुजेल, गैर सरकारी संस्था महासंघ कास्कीका अध्यक्ष बुद्धिबहादुर थापा, इन्सेक गण्डकी प्रदेशका संयोजक शिव खकुरेल सहितले मानव अधिकार सम्बन्धि पाचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सम्बन्धमा आ आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सहसचिव राजेन्द्र थापाले पाँचौ मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना र सरोकारवालाहरूको भुमिका बिषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा मानव अधिकारको सम्बन्धमा जिम्मेवार सरकारी तथा गैर- सरकारी संघ संस्थाको उपस्थिति रहेको थियो। नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका सचिब लिलादेबी गड्तौलाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# गण्डकी प्रदेशस्तरीय महिला-पुरुष ह्यान्डबल सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ७ असार



गण्डकी प्रदेशस्तरीय महिला/पुरुष ह्यान्डबल प्रतियोगिता सुरु भएको छ। प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश ह्यान्डबल संघको व्यवस्थापनमा पोखरा रंगशालामा ह्यान्डबल प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिताको पहिलो दिन पुरुषतर्फ सात खेल सम्पन्न हुँदा महिलातर्फ लिगचरणका खेल सम्पन्न भएका छन् । महिलातर्फ लिगचरण सकिएसँगै पर्वत र नवलपुर बाहिरिएको छ ।

महिलातर्फको पहिलो खेलमा बागलुङले म्याग्दीमाथि ६-१ को विजयी हासिल गरेको छ । कास्कीले नवलपुरलाई १०-० गोलले पाखा लगायो । म्याग्दीले पर्वतलाई ८-०, स्याङजाले नवलपुरलाई ६-५, बागलुङले पर्वतलाई १२-० र कास्कीले स्याङजालाई ९-१ गोलले हराउँदै सेमीफाइनलमा प्रवेश गरेको छ ।

पुरुषतर्फ भएको पहिलो खेलमा कास्कीले गोर्खामाथि १७-१ को जित दर्ता गरेको छ । तनहुँले म्याग्दीलाइ १८-७, स्याङजाले पर्वतलाई १४-९, बागलुङले नवलपुरलाई १७-४, म्याग्दीले गार्खालाई २४-३, कास्कीले तनहुँलाई २६-२१ र स्याङजाले नवलपुरलाई २०-४ गोलअन्तरले हराउन सफल भएको हो ।

प्रतियोगिताको उद्घाटन गर्दै प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष ध्वजकुमार गुरुङले गण्डकी प्रदेश खेलकुदको विकासमा अघि रहेको बताए। उनले खेलाडी उत्पादनका लागि प्रदेशस्तरीय खेलकुद प्रतियोगितादेखी ग्रासरुट सम्मका खेल सञ्चालन गरिराखेको सुनाए। सोही क्रममा प्रतियोगिताको बारेमा जानकारी दिदैँ ह्यान्डबल संघ गण्डकीका उपाध्यक्ष गिरमान गुरुङले पोखरा रंगशालाको कभर्ड हल र ह्यान्डकल कोर्टमा प्रतियोगिता सञ्चालन भएको बताए।

पुरुषतर्फको समुह ए मा कास्की, गोरखा, तनहुँ र म्याग्दी तथा समूह बी मा बागलुङ, नवलपुर, स्याङजा र पर्वत रहेका छन् । महिला तर्फ समूह ए मा बागलुङ, म्याग्दी, पर्वत र समूह बी मा कास्की, नवलपुर, स्याङजा रहेका छन् ।

प्रतियोगिताको उपाधि बिजेता महिला तथा पुरुष टिमले समान नगद रु ५०-५० हजार, उपविजेताले ३०-३० हजार तेस्रो हुने टिमले नगद रु १५-१५ हजारका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

त्यसै गरी सर्वोत्कृष्ट हुने महिता तथा पुरुष खेलाडीले समान नगद रु ५-५ हजारका साथमा ट्रफी र अन्य उत्कृष्ट हुने विद्यागत खेलाडीहरुले जनही नगद रु २ हजार ५ सयका साथमा ट्रफी प्राप्त गर्ने भएका छन्।

दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि प्रारम्भिक खेलाडी छनौट समेत गरिने भएको संघका अध्यक्ष एवं खेल पत्रकार केशव पाठकले जनाएका छन् । कार्यक्रममा लोकतान्त्रिक खेलकुद संघका अध्यक्ष देवेन्द्र शेरचन, गण्डकी प्रदेश ह्यान्डबल संघका उपाध्यक्ष शान्ती थापा, सदस्य शान्ता सिंह बस्नेत लगायतको समेत सहभागिता रहेको थियो ।

# आइसिसी टि-२० विश्वकप क्रिकेट प्रतियोगिता : अष्ट्रेलियाले बङ्गलादेशलाई हरायो

**रासस**
काठमाडौं, ७ असार

आइसिसी टि-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर आठको खेलमा अष्ट्रेलियाले बङ्गलादेशलाई २८ रनले पराजित गर्दै विजयी भएको छ।

नर्थ साउन्डमा भएको उक्त खेल पानी परेर खेल अवरुद्ध भएपछि डकवर्थ एण्ड लुइस (डिएलएस) पद्धतिका आधारमा अष्ट्रेलिया विजयी भएको हो। टस हारेर पहिले ब्याटिङ गरेको बङ्गलादेशले निर्धारित २० ओभरमा ८ विकेटको क्षतिमा १४० रनको योगफल बनाएको थियो ।

एक सय ४१ रनको विजयी लक्ष्य पछ्याएको अष्ट्रेलिया ११ दशमलव २ ओभरको खेल चलिरहँदा पानी परेपछि खेल प्रभावित बनेको थियो । त्यतिबेला अष्ट्रेलियाले दुई विकेट गुमाएर १०० रन बनाएको थियो । त्यसपछि पानी नरोकिएपछि डिएलएस मेथडका आधारमा अष्ट्रेलियालाई विजयी घोषणा गरिएको हो ।

अष्ट्रेलियाका लागि डेभिड वार्नरले ३५ बलमा पाँच चौका र तीन छक्काको सहयोगमा अविजित ५३ रन बनाएका थिए। त्यस्तै ट्राभिस हेडले २१ बलमा तीन चौका र दुई छककाको सहयोगमा ३१ रन बनाएका थिए।

त्यसअघि पहिला ब्याटिङ गरेको बङ्गलादेशका कप्तान नजमुल हृदोय शान्टोले सर्वाधिक ४१ रनको योगदान दिए। उनले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गर्दै ४१ रन बनाएका हुन। त्यस्तै टोहिद हरिडोइले २८ बलमा दुई चौका र दुई छक्काको सहयोगमा ४० रन बनाए ।


बलिङतर्फ स्ट्रेलियाका प्याट कमिन्सले तीन विकेट लिए भने एडम जाम्पाले दुई तथा मिचेल स्टार्च, मार्कस स्टोइनिस र ग्लेन म्याक्सवेलले समान एक/एक विकेट लिए। विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत आज राति ८:१५ बजे इङ्ग्ल्याण्ड र दक्षिण अफ्रिकाबीच खेल हुनेछ ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मालढुङ्गा–बेनी सडक कालोपत्र गर्न १३ दिन यातायात बन्द

**पोखरापत्र संवाददाता**
पर्वत ७ असार

उत्तर–दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोर आयोजनाअन्तर्गतको मालढुङ्गा–बेनी सडक कालोपत्र गर्न सुरु गरिएको छ।

तेह्र किलोमिटर लामो मालढुङ्गा–बेनी सडकको मालढुङ्गा–फर्से पाँच किलोमिटर खण्डमा मात्र कालोपत्र गरिने जोमसोमस्थित कालीगण्डकी करिडोर मालढुङ्गा–बेनी–जोमसोम–कोरला सडक आयोजना कार्यालयले जनाएको छ। पहिलो चरणमा यो खण्ड कालोपत्र गरिसकेपछि सात किलोमिटर बाँकी रहने छ।

सडक कालोपत्र गर्न १३ दिन यातायातका साधन सञ्चालनमा रोक लगाइएको छ। जिल्ला प्रशासन कार्यालयमा भएको सर्वदलीय बैठकमा भएको सहमतिअनुसार एम्बुलेन्सलगायत अत्यावश्यक सेवाका सवारी साधनबाहेक अन्य सवारी साधनलाई भोलि असार ८ गते शनिबारदेखि २० गतेसम्म अन्य सवारीसाधनले वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने छ। मौसम अनुकूल भएमा १३ दिनमा कालोपत्रको पूरा हुने उहाँले बताउनुभयो।

उक्त सडक स्तरोन्नतिका लागि २०७७ चैतमा संयुक्त लगानीको एपेक्स–खड्का–कृष्णले रु ५२ करोड ८६ लाखमा सडक विभागसँग सम्झौता गरेको थियो।

करिब छ मिटरको हाराहारीमा रहेको सडकलाई नौ मिटर फराकिलो बनाएर एक मिटरको नाली र दुई लेनमा आठ मिटर चौडाइका दरले कालोपत्र गरिने आयोजनाले जनाएको छ।

# नवरात्रमा मात्रै खुल्ने खड्गदेवी मन्दिर अब दैनिकरुपमा खुला गरिने

**पोखरापत्र संवाददाता**
तनहुँ ७ असार



तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा अवस्थित खड्गदेवी मन्दिर दैनिकरुपमा खुला गरिएको छ। बन्दीपुर गाउँपालिका–४ मा रहेको उक्त मन्दिर वर्षमा नवरात्रका नौ दिनमात्रै खुल्दै आएकामा बिहीबारदेखि दैनिकरुपमा खुला गरिएको र आजदेखि सबैका लागि दर्शनको व्यवस्था मिलाइएको मन्दिर सञ्चालक समितिले जनाएको छ।

समितिका अध्यक्ष आनन्दमान जोशीले लामो समयको प्रयासपछि मन्दिर सबैका लागि खुला गर्ने निर्णय गरिएको जानकारी दिनुभयो।

करिब छ सय वर्षभन्दा पुरानो दावी गरिएको यस मन्दिरमा कामी, मगर र बाहुन गरी तीन पुजारी रहेकाले जातीय सहिष्णुताको प्रतीक मानिने गरेको छ।

यहाँ हिन्दू धर्मावलम्बीले भगवान् मान्ने गरिएका शिवजीले राजा मणिमुकुन्द सेनलाई तरबार दिएकामा सेनले एक बह्माणीको घरमा छाडेर गई देवघाटमा गएर समाधि लिएको र तरबारले नागको रुप लिको विश्वास गरिन्छ। नागले परिक्रमा गरिरहेको बेला धार्मिक अनुष्ठान गरिएको र नागले पुनः तरबारको रुप धारणा गरी उडेर बन्दीपुर डाँडामा खसेको, भगवान् शिवजीको सन्देशस्वरुप खड्गदेवीको रुपमा प्रकट भई स्थापना भएको किंवदन्ती छ।

यहाँका बन्दीपुरेले इष्ट देवताको रुपमा पुजिने देवीको यो मन्दिर वर्षको नौ दिन नवरात्रको अवधिमा मात्र खुल्दै आएको थियो। केही समय जमिन छोडेर हावामा सयर गरेर मन्दिर दर्शन गर्दा चिताएको मनोकाङ्क्षा पूरा हुने आशीर्वाद पाइन्छ भन्ने धार्मिक विश्वास रहँदै आएको छ।

विशेष गरी सेना, प्रहरी र फलामसम्बन्धी कार्य गर्नेका लागि मन्दिर दर्शन फलदायी हुने मन्दिरका पुजारी भरतमणि भट्टराईले बताउनुभयो।

मन्दिर बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म मन्दिर खुला रहने मन्दिर प्रमुख मगर खाँडे पुजारी रामकुमार आलेले बताउनुभयो। यस मन्दिरमा फूलपातीको दिनमा खड्ग यात्रामा प्रयोग गरिने देवीको गहना विसं १८७६ मा मास्टर दुवाचाब्रह्मा उपाध्यायले चढाएको गहनामा अङ्कित झल्लरमा उल्लेख छ। मन्दिरमा पूजाआजाका लागि विसं १९१६ मा एक गुठीको स्थापना गरी सञ्चालन गरिएको 'नेपाल अधिराज्यमा तनहुँ' नामक डिल्लीराम मिश्रद्वारा लिखित पुस्तकमा उल्लेख छ।

खड्गदेवी मन्दिरमा हरेक दशैँको फूलपातीका दिन विशेष मेला लाग्छ। मन्दिरको खड्गलाई शोभायात्रासहितबजारपरिक्रमागरिन्छ।

मन्दिर पहिले ढुङ्गैढुङ्गाबाट निर्माण गरिएको थियो। पछि राजा चन्द्र शमशेरको पालामा दरबार शैलीमा मन्दिर रुपान्तरण गरियो। अहिले भने यहाँ तामाको छाना रहेको छ।

# हामी आफ्नो उद्देश्यमा अडिग र गन्तव्यमा स्पष्ट छौँ : सभापति लामिछाने

**रासस**
काठमाडौं, १ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफूहरु पार्टी स्थापनाको उद्देश्यमा अडिग र गन्तव्यमा स्पष्ट रहेको बताउनुभएको छ।

पार्टी स्थापनाको दोस्रो वर्ष पूरा भएका अवसरमा आफ्ना सामाजिक सञ्जालमार्फत शुभकामना सन्देश जारी गर्दै सभापति लामिछानेले पार्टीको वैचारिक स्पष्टतासँगै राजनीतिक परिपक्वता हासिल गरेर पार्टी स्थापनाको उद्देश्य पूरा गर्न प्रतिबद्ध रहेको बताउनुभएको हो। उहाँले पार्टी स्थापनाको दुई वर्षको यात्रा चुनौतीविहीन नभए पनि संसद् र सरकारमार्फत सबैको ध्यानतान्न सफल भएको बताउनुभयो। "रास्वपा जन्मिएको दुई वर्ष भयो, हामी हाम्रो उद्देश्यमा अडिग छौँ, गन्तव्यमा स्पष्ट छौँ। कुरा बाटोको हो, बाटोमा त कहिले पहिरो जान्छ, कहिले ढुङ्गा खस्छ। आम नागरिक एवं रास्वपा परिवारका तमाम सदस्य, शुभचिन्तकको आशा र अपेक्षासहितका अग्लाअग्ला पहाड काँधमा बोकेर हामी अहिले भिरको बाटोमा सिस्नु समाउँदै हिँडिरहेका छौँ। २१ सांसदले एक वर्षमा सिङ्गो सदनको ध्यान तान्यौँ, चार मन्त्रीले सिङ्गो देशको ध्यान तान्दैछौँ", सभापति लामिछानेले शुभकामना सन्देशमा उल्लेख गर्नुभएको छ। रास्वपाले स्थापना दिवसका अवसरमा आज पार्टीको केन्द्रीय कार्यालय वनस्थली चःमतिमा चियापानको आयोजना गरेको छ। चियापान कार्यक्रमअघि पार्टी केन्द्रीय समितिको बैठक बसेको थियो। बैठकमा सदन, सरकारको सङ्क्षिप्त समीक्षा र शुभकामना आदानप्रदान भएको पार्टीका सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभयो। दिउँसो १ बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन हुने चियापान कार्यक्रममा विभिन्न दलका नेतासमेत सहभागी हुने उहाँले बताउनुभयो।

# म्याग्दीका पर्यटकीयस्थल जोड्न नौ किलोमिटर पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी ७ असार

जिल्लाका पर्यटकीयस्थलमा पुग्न नौ किलोमिटर पदमार्ग निर्माण गरिएको छ।

गण्डकी प्रदेशको उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८०/ ८१ मा जिल्लामा विभिन्न १८ वटा पर्यटन पूर्वाधार योजनामा प्राप्त रु एक करोड ५६ लाख बजेटबाट पदमार्गलगायतका पूर्वाधार निर्माण गरिएको पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले जनाएको छ।

जिल्लाका विभिन्न चर्चित, ऐतिहासिक र धार्मिक पर्यटकीयस्थलमा पर्यटन पूर्वाधार निर्माण योजनामा प्राप्त बजेटबाट सात किलोमिटर ४८ मिटर नयाँ ट्र्याक बनाउने, ढुङ्गाको सिँढी चिनेर पदमार्ग बनाउने काम भएको पर्यटन तथा उद्योग कार्यालय, म्याग्दीका प्रमुख पोषनाथ शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार, एक किलोमिटर ७२ मिटर पदमार्गमा ढुङ्गा छापेर पदमार्ग बनाइएको छ भने एक किलोमिटर ८२ मिटर पदमार्गलाई ढलान गरेर निर्माण गरिएको छ।

दमार्गसँगै धार्मिक पर्यटकीयस्थलमा घेराबार, संरक्षण, प्रवेशद्वार, रेलिङ, भ्यू पोइन्ट, वनभोजस्थललगायतका पूर्वाधार निर्माण भएको कार्यालयका सव–इन्जिनियर सुमन बोगटीले जानकारी दिनुभयो। "यस वर्ष जिल्लामा पर्यटन पूर्वाधार योजनामा प्राप्त सबै योजना सम्पन्न भएका छन्, कार्यालयको तर्फबाट अन्तिम अनुगमन र नापजाँच भएर अहिले धमाधम योजनाको भुक्तानी दिने काम भइरहेको छ, पर्यटन पूर्वाधार बनेपछि पर्यटक प्रवर्द्धनमा सघाउनुका साथै स्थानीयवासीलाई सुविधा पुगेको छ", उहाँले भन्नुभयो।

यस वर्ष सबैभन्दा धेरै रु २० लाख बजेट विनियोजन भएको अन्नपूर्ण गाउँपालिका–५ को खोप्रालेकमा पदमार्ग, भ्यू पोइन्ट निर्माणसँगै खानेपानीको पूर्वाधार निर्माण गरिएको छ। जिल्लाकै ऐतिहासिक धार्मिकस्थल ताकमकोट, ज्यामरुकोट, चिनाकोटमा रु १०/१० लाख बजेटबाट पदमार्ग, रेलिङलगायतका पर्यटन पूर्वाधार निर्माण भएका छन्। बेनी नगरपालिका–९ स्थित ढोलथानमा रु १० लाख बजेटबाट पदमार्ग, प्रवेशद्वार वनभोजस्थल र रेलिङ निर्माण भएको कार्यालयले जनाएको छ।

महभिरदेखि करबाकेलीथान जाने बाटो, पनथोकदेखि मालिका जोड्ने बाटो, गलेश्वर–काउलेगौडा–नेप्टेचौर ढोलठान जाने बाटो, दर्मिजा–नांगीदेवि थान बाटो, लामाखोरिया–डाँडागाउँ जोड्ने बाटोमा रु १०/१० लाख बजेटबाट पदमार्ग निर्माण र विस्तार गरिएको छ।

त्यसैगरी बेनीस्थित डल्लेपिपल–फोहोटे रिठाबोट र रघुगङ्गा गाउँपालिका–२ भगवतीको अन्नपूर्ण आधारभूत विद्यालयदेखि हवल्दारको चौतारासम्म रु आठ/आठ लाख बजेटबाट सिँढी चिनेको पदमार्ग निर्माण गरिएको छ। बेनी नगरपालिका– १ रत्नेचौरमा रहेको परम बैदिक धार्मिक सनातन आश्रम, सारेमारे–भूवाने, भालश्री छापाछाङ औसी– खालीखोला, बलौटे–दुखुबैंसी, कालीबराह ताल, शिलखुङ– चाङ्गा जोड्ने बाटोमा रु पाँच/पाँच लाख बजेटबाट पदमार्ग निर्माण तथा संरक्षणको काम गरिएको पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले जनाएको छ।

# सभापति देउवाद्वारा राससको तस्बिर प्रदर्शनी अवलोकन

**पोखरापत्र संवाददाता**
पर्वत ७ असार

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले गणतन्त्र दिवस–२०८१ को अवसर पारेर राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको तस्बिरप्रदर्शनीको अवलोकन गर्नुभएको छ।

'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको सभापति देउवाले आज यहाँ अवलोकन गर्नुभएको हो। उहाँले राससकै कार्यालयमा गणतन्त्रपछिको विकास र समुन्नती सम्बन्धी तस्बिर अवलोकन गर्न पाउँदा हर्षित भएको बताउनुभयो।

"केही भएको छैन् भन्ने मानसिकतालाई झकझक्याउने गरी समेटिएका विकास आयोजनाका तस्बिर महत्वपूर्ण छन्", सभापति देउवाले भन्नुभयो। सभापति देउवालाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले प्रदर्शनीमा राखिएका तस्बिरका बारेमा जानकारी गराउनुभएको थियो।

यसैगरी आजै नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, पार्टीका सूचना तथा प्रचार प्रसार विभाग प्रमुख मीन विश्वकर्मा र केन्द्रीय सदस्य नानु बाँस्तोलाले पनि तस्बिर प्रदर्शनीको अवलोकन गर्नुभयो।

तस्बिर अवलोकनपछि राससलाई संक्षिप्त प्रतिक्रिया दिँदै प्रमुख सचेतक लेखकले गणतन्त्रपछि केही भएन भन्ने भाष्य गलत भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "व्यवस्था परिवर्तन भयो, अवस्था फेरिएन भन्ने भाष्य विल्कुल बेठिक छ, हुनुपर्ने जति भएन होला तर केही पनि भएन भन्ने भनाइलाई यहाँहरूले प्रमाणसहित राम्रोसँग जवाफ दिनुभएको छ।"

प्रचार विभाग प्रमुख विश्वकर्माले राजनीतिक परिवर्तनका लागि भएको सङ्घर्ष र परिवर्तनपछिको व्यवस्थाहरूले ल्याएको पूर्वाधार विकास कस्तो छ, भनेर नेपाली जनतालाई उजागर गराउन तस्बिर प्रदर्शनी उपयोगी भएको विश्वास व्यक्त गर्नुभयो। उहाँले देशव्यापी रूपमा भइरहेको विकास पूर्वाधारको उपलब्धीलाई राससले तस्बिरमार्फत उजागर गरेको बताउनुभयो।

केन्द्रीय सदस्य बाँस्तोलाले कांग्रेसले लोकतन्त्र र गणतन्त्रपछि विभिन्न क्षेत्रमा उपलब्धी भएको भन्दै आएको स्पष्ट पार्दै अहिले काम नगर्ने तर प्रचार मात्रै गर्ने नयाँ भन्नेहरूलाई यो तस्बिर प्रदर्शनीका तस्बिरहरू जवाफ भएको उल्लेख गर्नुभयो।

गत जेठ १० गतेदेखि सुरु भएको प्रदर्शनीमा मुलुकका तीनवटै तहका सरकारले आफ्नो सीप, जनशक्ति र पुँजी तथा छिमेकीका साथै अन्य मित्रराष्ट्रसमेतका सहायोगमा निर्मित एवं निर्माणाधीन राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाका तस्बिर समावेश छन्।

विसं २०७२ को 'गोरखा भूकम्प'बाट भत्किएका ऐतिहासिक धरोहरको पुनः निर्माणपछिका संरचना, मानवीय विकास, शिक्षा, स्वास्थ्य, उद्योग, सडक, सिँचाइ, खानेपानी, विद्युत् उत्पादनलगायत विषयमा सङ्कलन गरी राससबाट सम्प्रेषित तस्बिर प्रदर्शनीमा राखिएका छन्। सातवटै प्रदेशमा निर्माण भएका भौतिक पूर्वाधारसम्बन्धी ९५ तस्बिर प्रदर्शनीमा समेटिएका छन्। राससले गत वर्ष गणतन्त्र दिवसका अवसरमा 'हाम्रो संस्कृतिः हाम्रो सम्पदा' शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो।

रक्तदान
जीवनदान

# कोदो उत्पादन बढाउन उपाध्यक्षसँग कृषि कार्यक्रम

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ असार

जिल्लाको म्याग्दे गाउँपालिकामा कृषि विकास तथा कृषि प्रसारलाई प्रोत्साहन गर्न उपाध्यक्षसँग कृषि कार्यक्रम सञ्चालन गरिने भएको छ।

गाउँसभाको बिहीबार सम्पन्न १६औँ अधिवेशन तथा आठौँ नीति तथा कार्यक्रमबाट गाउँपालिकामा कोदो उत्पादन कार्यलाई प्राथामिकता दिइएको हो। कोदोको मःम, सेलरोटी, मदिरा, फापरको रोटी, सिस्नोको सुप, बेलको जुसलगायत स्थानीय स्रोतबाट उत्पादन गरी बजारीकरण सहज बनाइने गाउँपालिका उपाध्यक्ष बालकृष्ण घिमिरेले जानकारी दिनुभयो।

खाद्य स्वच्छता कायम गर्न 'बसे पनि सहर गाउँकै खाने रहर' नारालाई व्यावहारिक कार्यन्वयनका लागि कोदोलगायतका स्थानीय उत्पादनलाई बढावा दिन लागिएको हो। गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमले पशु सेवा तथा प्रसार कार्यक्रमअन्तर्गत अध्यक्षसँग पशु कार्यक्रम सञ्चालन गरिने छ।

घरेलु तथा साना उद्योगतर्फका विभिन्न कार्यक्रम समावेश गरिएको छ। उहाँले भन्नुभयो, "स्थानीय सीप स्रोत, साधन एवं प्रविधिको प्रयोगलाई बढवा दिई व्यावसायिक उत्पादन गर्न अग्रसर गराउने योजना रहेको छ।"

स्थानीय वन पैदावर, प्राकृतिक स्रोतसाधन, जडीबुटीमा आधारित उद्योग स्थापना गरी सञ्चालनमा ल्याइने नीति तथा कार्यक्रम गाउँपालिकाले लिएको छ। पर्यटन, सहकारी विकास, बैंक तथा वित्तीय क्षेत्रका विषय समेटिएका छन्। स्वास्थ्य क्षेत्रतर्फ 'म र मेरो स्वास्थ्य मेरो जिम्मेवारी' नारालाई स्वास्थ्यको मूल आधार बनाइएको छ। अपाङ्गता, ज्येष्ठ नागरिक र अन्यतर्फका कार्यक्रमलाई उपाध्यक्षसँगको कार्यक्रममा जोडेर अघि बढाइने जनाइएको छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# सङ्गीत दिवस : गीतसङ्गीत जीवनकै अभिन्न अङ्ग

**रासस**
काठमाडौं, ७ असार

अग्रज गीतकार तथा सङ्गीतकारहरूले गीतसङ्गीत मानव जीवनकै अभिन्न अङ्ग भएकाले समाजलाई अगाडि बढाउने सृजना गर्नुपर्नेमा जोड दिनुभएको छ।

विश्व सङ्गीत दिवसका अवसरमा शुक्रबार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको आयोजनामा यहाँ आयोजित 'नेपाली समाज र सङ्गीत' विषयक अन्तरक्रियामा उहाँहरूले सङ्गीतलाई छुटाएर मानव जीवन पूर्ण हुन नसक्ने तर्क गर्नुभयो।

सन् १९८१ जुन २१ मा फ्रान्सबाट सङ्गीत दिवस मनाउन थालिएको हो। यो दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ। सांसद एवं लुम्बिनी प्रदेशका पूर्वसभामुख पूर्ण घर्तीले नाच, गान, बाजाका धुन प्रतिविम्बित ध्वनि र सुरको संयोजनबाट निर्मित अलग्गै भाषा नै सङ्गीत भएको र यो मानव जीवनका लागि महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले सङ्गीतलाई राज्यले संरक्षण गर्नुपर्नेमा जोड दिँदै सामाजिक चेतनालाई उन्नत बनाउन तथा भ्रम चिरेर समाज विकासमा योगदान दिने महत्वपूर्ण माध्यम गीत सङ्गीत भएको बताउनुभयो।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका उपकुलपति शम्भू राईले नेपालमा सङ्गीत अनियन्त्रित हुने क्रममा देखिएकाले प्रतिष्ठानले नियन्त्रित गर्ने प्रयास गरिरहेको उल्लेख गर्नुभयो। वरिष्ठ गीतकार विश्व वल्लभले सङ्गीतको महत्वलाई बचाइराख्न नियमित साधना जरुरी रहेको औँल्याउनुभयो। उहाँले आफ्नो कर्म नछाड्न यस क्षेत्रका व्यक्तिहरूलाई अनुरोध गर्नुभयो।

**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. २५ मिलन चोक गौरी नाला निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : मिलन चोक गौरी नाला निर्माण
उपभोक्ता समितिको नामः मिलन चोक गौरी नाला निर्माण उपभोक्ता समिति, पोखरा–२५, कास्की
योजना सम्झौता मिति : २०८०/११/२३ गते
योजना सुरु मिति : २०८०/१२/३२ गते
योजना सम्पन्न मिति : २०८१/०२/३२ गते
महानगरपालिका बाट प्राप्त : रु. २०,००,०००/-
उपभोक्ता बाट प्राप्त : रु. २,५३,४६४/-
जम्मा लागत : २,५३,४६४/-
समिति सदस्य : ९ जना
महिला सदस्य : ३ जना

श्याम बहादुर कुँवर
अध्यक्ष
मिलन चोक गौरी नाला निर्माण उपभोक्ता समिति
पोखरा–२५, कास्की

# पोखरामा स्केटबोर्ड प्रतियोगिता

**सविता गुरुङ/स्मृति गाहा मगर**
पोखरा ७ असार

नेपाल स्केटबोर्ड संघको आयोजनामा पोखरामा शुक्रबार ११ औं जिल्ला स्तरीय खुल्ला स्केटबोर्ड प्रतियोगिता भएको छ।

विश्व स्केटबोर्ड दिवसको अवसरमा आयोजित प्रतियोगितामा समिर भण्डारी प्रथम भए। सुमित गुरुङ द्वितिय र अनिस गुरुङ तृतिय भएको प्रतियोगिता संयोजक तारानाथ अधिकारीले जानकारी दिए। प्रथम भएका समिरले स्केटसहित मेडल र प्रमाणपत्र प्राप्त गरे। द्वितिय भएका सुमितले स्केट ट्रक र तृतिय बनेका अनिसले सेफ्टी प्याडसहित मेडल र प्रमाणपत्र हात पारे।



प्रतियोगिता संयोजक अधिकारीका अनुसार स्केटबोर्ड ट्रिक्समा पेम्थिलिङ शेर्पा प्रथम, अनिस गुरुङ द्वितिय र सुमित गुरुङ तृतिय भए। स्केट बिएमएक्स साइकल प्रतियोगितामा निशान राना प्रथम र सुरज विक द्वितिय बने। उनीहरुसँगै प्रतियोगितामा कम उमेरका सहभागी श्रवण कोइरालालाई मेडल र प्रमाणपत्र प्रदान गरिएको संयोजक अधिकारीले जानकारी दिए। प्रतियोगितामा १३ जना खेलाडीले सहभागिता जनाएका थिए।

विजेता खेलाडीहरुलाई पर्यटन व्यावसायी तथा पूर्व बक्सिङ खेलाडी गणेशबहादुर भट्टराई, नेपाल स्केट बोर्ड संघका अध्यक्ष रामचन्द्र कोइराला, बरिष्ठ उपाध्यक्ष सुनिल क्षेत्री, उपाध्यक्ष विश्वराज पौडेल लगायतले पुरस्कार वितरण गरेका थिए।

पर्यटन व्यावसायी तथा पूर्व बक्सिङ खेलाडी भट्टराईले खेलकुद सहरको गहना भएको बताए। 'खेलकुद सहरको गहना हो। जुन सिटीमा खेलकुद हुन्छ भने त्यो समृद्ध सिटी हो,' उनले भने, 'अनि विश्वमा नेपाल चिनाएको एउटा हिमालले हो अर्को भनेको खेलकुदले नै हो।' खेल क्षेत्रले पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्ने उनले सुनाए।

नेपाल स्केट बोर्ड संघका अध्यक्ष रामचन्द्र कोइराला, कार्यक्रम संयोजक तारानाथ अधिकारी, जिल्ला खेलकुद विकास समितिका कार्यालय सचिव सुनबहादुर लामालगायतले स्केटबोर्ड खेल विकासका लागि सरकारले लगानी थप्नुपर्नेमा जोड दिएका थिए।

# मुन्द्रा चढाउने डाँडामा आश्रयस्थल निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी ७ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ स्थित पर्यटकीयस्थल मुन्द्रा चढाउने डाँडामा आश्रयस्थल निर्माण भएको छ।

मुन्द्रा चढाउने डाडाँको पर्यटन विकासका लागि अन्नपूर्ण गाउँपालिकाले पर्यटकका लागि खाना र बास बस्न मिल्ने पाहुना आश्रयस्थल निर्माण गरेको हो। चालु आर्थिक वर्षमा गाउँपालिकाले विनियोजन गरेको रु नौ लाख अनुदान र रु एक लाख जनश्रमदानबाट आश्रयस्थल निर्माण गरिएको अन्नपूर्ण-२ का वडाध्यक्ष ओमप्रकाश फगामीले बताउनुभयो।

"मुन्द्रा चढाउने डाडाँको नजिकै चुच्चेखर्क भन्ने ठाउँमा बनाएको आश्रयस्थलमा एक पटकमा ३० जनाले आश्रय लिन सक्छन," उहाँले भन्नुभयो "काठै काठबाट बनाइएको कटेजलाई टिनले छाइएको छ, भने हिउँदयाममा हुरी र हिउँले नजमोस भनेर छानोलाई भिरालो बनाइएको छ।"

आश्रयस्थल भएपछि पाहुनालाई पाल टाँगेर, ओडार र रुखमुनी कष्टप्रद रुपमा रात कटाउनुपर्ने समस्या हटेको छ। सुरक्षित र सहज रुपमा बास बस्न पाएका छन्। बस्तीदेखि टाढा रहेकाले मजदुरहरु तीन महिना जङ्गलमै बसेर आश्रयस्थल बनाएको मुन्द्रा चढाउने पर्यटन क्षेत्र पूर्वाधार निर्माण उपभोक्ता समितिका अध्यक्ष राजु फगामीले बताउनुभयो।

समुद्री सतहदेखि तीन हजार २०४ मिटरको उचाइमा रहेको मुन्द्रा चढाउने डाडाँबाट हिमशृङ्खला, पहाडी भूगोल, सूर्योदय, जङ्गलको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ। धौलागिरि, निलगिरि, अन्नपूर्ण, गुर्जा, माछापुच्छे, मनास्लुलगायत दर्जनभन्दा बढी हिमशृङ्खला, सूर्योदय, पहाडी भूगोल, नागबेली परेर बगेको कालीगण्डकी, गुराँससहितका वन जङ्गलको मनमोहक दृष्य अवलोकन गर्न पाउनु मुन्द्रा चढाउने डाडाको विशेषता हो।

मान्द्रेढुङ्गादेखि पाँच घण्टा पैदल हिँडेपछि मुन्द्रा चढाउने डाँडामा पुगिन्छ। यो बाटो भएर धौलागिरि आइसफल र आधार शिविर जान सकिन्छ। सडकका कारण पुराना पदमार्ग र पर्यटकको बसाइ छोटिएकाले मुन्द्रा चढाउने डाडाँलाई नयाँ गन्तव्यको रुपमा विकास गर्न पहल गरिएको अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो।

गाउँपालिकाले यसअघि मान्द्रेढुङ्गा-भूमेथान हुँदै मुन्द्रा चढाउने डाँडासम्म जोड्ने २ किलोमिटर ५०० मिटर पदमार्ग निर्माण गरेको थियो। अप्ठ्यारो, उकालो र साँघुरो ठाउँमा ढुङ्गाको सिँढी चिनेर तथा तेर्सो ठाउँमा माटो खनेर पदमार्ग बनाएपछि लडेर दुर्घटन हुने, बाटो अलमलिएर हराउने समस्या हटेको छ।

उक्त क्षेत्रमा खानेपानी, शौचालाई निर्माणका साथै पदमार्ग अन्तरगत ठाउँ ठाउँमा पर्यटन सूचना बोर्डसमेत राख्ने गरी आगामी वर्षको योजना सञ्चालन गरिने अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले बताउनुभयो।

# बागलुङ-कुश्मिसेरा सडकखण्ड एक साता बन्द

**पोखरापत्र संवाददाता**
बागलुङ, ७ असार

बागलुङबजारसँग दक्षिणी भेग जोड्ने बागलुङ-कुश्मिसेरा सडक खण्ड एक साताका लागि बन्द गरिएको छ।

बागलुङ नगरपालिका-१० गलुवाको पहिरो नियन्त्रणका लागि एक साताका लागि बन्द गरिएको बागलुङ नगरपालिकाले जनाएको छ।

पहिरो नियन्त्रणका लागि उक्त सडक असार ४ देखि १० गतेसम्मका लागि बन्द गरिएको बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिदत्त कँडेलले जानकारी दिनुभयो।

गण्डकी प्रदेश सरकारको रु ५० लाखमा बागलुङ नगरपालिकाले पहिरो रोकथाम गरिरहेको छ। सडक बन्द भएको समयमा कालीगण्डकी करिडोरको सडकलाई वैकल्पिक सडकका रूपमा प्रयोग गर्न भनिएको छ।


## जर्मनी रेसिडेण्ट कार्ड हराएको सूचना

**म जंग बहादुर पुनको निम्न व्यहोराको जर्मनी रेसिडेण्ट कार्ड (हाउस पास) लामाचौरबाट न्यूरोडसम्म आउदाँ हराएकोले भेट्टाउने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला।**

Name : Janga Bahadur Pun
03404000
Fledder, Meller str.79
49084 oshabruck
Einzige Wohnung
Germany
**ठेगानाः लमाचौर –१६, पोखरा, कास्की**
**सम्पर्क नंः ९८४६०८२५९२**


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २३ ठूलाखेत चैनपुर हर्पन पर्यटन पद मार्ग निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः ठूलाखेत चैनपुर हर्पन पर्यटन पद माग निर्माण
ठेगानाः पोखरा-२३, ठूलाखेत चैनपुर हर्पन
योजना सम्झौता मितिः २०८०/११/२७ गते
योजना शुरु हुने मितिः २०८०/११/२८ गते
योजना सम्पन्न भएको मितिः २०८१/०३/०१ गते
योजनाको कुल लागतः रु. २७,७९,९१३/-
महानगरपालिकाबाटः रु. २५,००,०००/-
जनसहभागिताबाटः रु.२,७९,९१३/-
अध्यक्षः खडका बहादुर सुनार
निर्माण समिति सदस्य संख्याः १८
महिलाः ५, पुरुषः १३

**ठूलाखेत चैनपुर हर्पन पर्यटन पद मार्ग निर्माण उपभोक्ता समिति पोखरा-२३, ठूलाखेत चैनपुर हर्पन**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका बडा नं. २५ समिचोक मेलबोट सडक तथा नाला निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**योजनाको नाम :** समिचोक मेलबोट सडक तथा नाला निर्माण
**उपभोक्ता समितिको नामः** समिचोक मेलबोट सडक तथा नाला निर्माण उपभोक्ता समिति, पोखरा-२५, कास्की
**योजना सम्झौता मिति :** २०८०/११/२३ गते
**योजना सुरु मिति :** २०८०/१२/३२ गते
**योजना सम्पन्न मिति :** २०८१/०२/३२ गते
**महानगरपालिका बाट प्राप्त :** रु. ५०,००,०००/-
**उपभोक्ता बाट प्राप्त :** रु. ८,३८,८८५/१२
**जम्मा लागत :** ५८,३८,८८५/१२
**समिति सदस्य :** ९ जना
**महिला सदस्य :** ३ जना

**लोकेन्द्र बहादुर कुँवर**
**अध्यक्ष**
**समिचोक मेलबोट सडक नाला निर्माण उपभोक्ता समिति**
**पोखरा-२५, कास्की**

# स्याङ्जाका सिडिओको निर्देशन, 'सूचना माग्नेलाई समयमा उपलब्ध गराउनु'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ७ असार

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले सूचना अधिकारीहरुको बैठक सम्पन्न गरेको छ। बैठकमा सूचना अधिकारीहरुले भोग्न परेका समस्या र समाधानका बिषयमा अन्तरक्रिया भएको थियो।

जिल्ला स्थित सरकारी कार्यालयका सूचना अधिकारी र ११ ओटै स्थानीयतहका सूचना अधिकारीहरुको सहभागिता रहेको थियो। सूचना अधिकारीहरुले सूचना मागगर्दा केही कठिनाई आउने गरेको उल्लेख गरेका थिए।

बैठकमा स्याङ्जाका प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले नागरिकले मागेको सूचना दिन आनकानी नगर्न निर्देशन दिएकी छन्। संविधानले नै प्रदत्त गरेको अधिकार प्रयोग गरी सूचना उपलब्ध गराउन सूचना अधिकारीलाई प्रजिअ नेपालले निर्देशन गरेकी थिइन्।

सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार संविधानले नै निर्दिष्ट गरेको छ प्रजिअ नेपालले भनिन्,'सूचनाको हक ऐनमा उल्लेख भए अनुसार सूचना दिनु पर्छ।' कुन सूचना दिन मिल्ने वा नमिल्ने भन्ने ऐनममा नै उल्लेख छ, अध्ययन गरेर कानुनले निर्दिष्ट गरेको सूचना दिन आनकानी गर्नुहुदैन उनले भनिन्।

सूचना वर्गीकरण र अद्यावधिक गरी सूचनामा नागरिकको पहुँचमा सरल र सहज बनाउन सूचना



अधिकारीको महत्वपुर्ण भुमिका हुने प्रजिअ नेपालले बताइन्।

मनसुन शुरु भइसकेको अवस्थामा मनसुनजन्य विपदका सूचनामा पनि अपडेट रहन उनले निर्देशन गरीन्। नागरिकको सेवा गर्न कै लागि जागिर खाएको उल्लेख गर्दै प्रजिअ नेपालले जागिर मात्रै नभएर सेवाभावमा लाग्न निर्देशन दिइन्। बैठकमा सूचना अधिकारीहरुले सूचना उपलब्ध गराउन प्राविधिक कठिनाई हुने गरेको गुनासो गरे। बिषयगत शाखाहरुले सूचना दिन ढिलाई गरिदिदा सूचना अधिकारीले सूचना आयोगको सजायभोग्नुपरेकोपिडाव्यक्तगरेकाथिए।

जिल्लास्तरीय सूचना अधिकारीको बैठकमा जिल्ला प्रशाशसन कार्यालय स्याङ्जाका सूचना अधिकारी दीपक पौडेलले जिल्ला प्रशासन कार्यालयले गरेको कार्य सम्पादनका बिषयमा उल्लेख गरेका थिए। आर्थिक बर्ष २०८०/०८१ मा जिल्ला प्रशासन कार्यालयले ३ करोड ९५ लाख ६८ हजार २ सय ५७ रुपैयाँ राजस्व संकलन गरेको जानकारी सहायक प्रजिअ तथा सूचना अधिकारी पौडेलले दिए। सुरक्षा समितिको बैठक २७, विपद व्यवस्थापन समितिको बैठक ७, सूचना अधिकारीको बैठक ४ पटक बसेको पौडेलले जानकारी दिए। आर्थिक बर्ष २०८०/०८१ मा नयाँ नागरिकता ८ हजार २ सय ९३, प्रतिलिपि ८ हजार ८ सय ९८, गैह्र आवसीय नागरिकता ४०, बैवाहिक अंगिकृत नागरिकता १५ जारी भएको पौडेलले जानकारी दिए।

६ हजार ९ सय ८६ जनाको बायोमेट्रिक राहदानी संकलन गरिएको छ भने ७ हजार ४१ जनाले राहदानी प्राप्त गरेका छन्। सूचना अधिकारी पौडेलका अनुसार आर्थिक बर्ष २०८०/०८१ मा नाबालक परिचयपत्र ३ सय ८१, संस्था दर्ता २४, संस्था नविकरण ४ सय २३, हतियार नामसारी ३, हातहतियार नविकरण २४, दुई नामथर/दुई जन्ममिति प्रमाणित ८ सय ४१, भारतीय पेन्सन प्रयोजनमा विवरण प्रमाणित २ हजार ८ सय ५७ जारी भएको छ। सहायक प्रजिअ तथा सूचना अधिकारी पौडेलले सहभागी सूचना अधिकारीहरुलाई सबै कार्यालयमा नागरिक बडापत्र सहित नागरिकले देख्ने गरी सूचना अधिकारीकोबोर्डराख्नअनुरोधगरे।

# माछीखोलामा 'डम्पिङ साइट' निर्माण

**पोखरापत्र संवाददाता**
गोरखा, ७ असार

उत्तरी गोरखाको धार्चे गाउँपालिकाको केन्द्र माछीखोलामा फोहर व्यवस्थापनका लागि 'डम्पिङ साइट' निर्माण गरिएको छ। नेपाल पर्यटन बोर्ड, गाउँपालिका र उपभोक्ता समितिको साझेदारीमा धार्चे-५ माछीखोलामा 'डम्पिङ साइट' निर्माण गरिएको हो।

माछीखोला बजार क्षेत्रको वातावरणीय स्वच्छता जोगाइराख्न, प्रदूषणका कारण स्वास्थ्यमा हुने असर न्यूनीकरण गर्न पालिकाले फोहर व्यवस्थापनको पहल थालेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान सुनारले बताउनुभयो। उक्त साइट निर्माण गर्न रु सात लाख ८७ हजार तीन सय ८२ खर्च भएको उहाँले जानकारी दिनुभयो।

"गाउँपालिकाले रु चार लाख २० हजार, नेपाल पर्यटन बोर्डकातर्फबाट रु दुई लाख ८० हजार र उपभोक्ता समितिकोतर्फबाट रु ८७ हजार तीन सय ८२ को लागत साझेदारीमा 'डम्पिङ साइट' निर्माण भएको हो", अधिकृत सुनारले भन्नुभयो, "यसले माछीखोला बजार र आसपासका क्षेत्रबाट निस्कने फोहर व्यवस्थापनमा सजिलो हुने भएको छ।" माछीखोला बजारमा सङ्कलन भएको फोहर डम्पिङ साइटमा लगेर विर्सजन गर्न थालिएको उहाँको भनाइ छ।

प्रमुख प्रशासकीय अधिकृत सुनारका अनुसार बजार क्षेत्रका सर्वसाधारणलाई गाउँपालिकाले फोहर सङ्कलन गर्न 'डस्टविन' उपलब्ध गराएको छ। उहाँले भन्नुभयो, "सङ्कलित फोहर पालिकाले तालिका बनाएर विसर्जन गर्न सुरु गरेको छ।"

यसअघि फोहर विसर्जनका लागि उचित स्थान नहुँदा माछीखोला बजार र आसपासबाट निस्कने फोहर व्यवस्थापनमा समस्या हुँदै आएको थियो। गाउँपालिकाले पछिल्लो समय हरेक हप्ता माछीखोला बजारमा सरसफाइ अभियानसमेतसञ्चालनगर्दैआएकोछ।

# गोही प्रजनन केन्द्रमा दुई सय तीन बच्चा कोरलिए

**रासस**
चितवन, ७ असार

चितवन राष्ट्रिय निकुञ्जको घडियाल गोही प्रजनन् केन्द्रमा दुई सय तीनवटा बच्चा कोरलिएका छन्। राप्ती नदीबाट सङ्कलन गरिएका दुई सय ४७ अण्डाबाट एक सय ९८ र प्रजनन केन्द्रमा रहेका अण्डाबाट पाँच गरी दुई सय तीन गोहीका बच्चा कोरलिएका हुन्।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार राप्ती नदी किनारमा आठ गुँडबाट सङ्कलन गरिएका दुई सय ४७ अण्डालाई प्रजनन केन्द्रमा 'ह्याचिङ' गरिएका थिए। आर्थिक वर्ष २०७९/८० मा दुई सय ५९ अण्डाबाट दुई सय २२ बच्चा कोरलिएका थिए। आर्थिक वर्ष २०७८/७९ मा पाँच सय ६३ अण्डाबाट चार सय ९६ बच्चा कोरलिएका थिए। प्रजनन केन्द्रमा भाले बूढो भएकाले चल्ला निस्कने क्रम कम भएका र गत वर्ष एउटामात्र बच्चा कोरलिएको थियो। अघिल्ला वर्षहरूमा पनि बच्चा कोरल्ने दर न्यून रहेको छ। प्रजनन केन्द्रमा सात सय ७३ गोही रहेका छन् भने तीमध्ये २० र ४६ वर्षका दुई भाले छन्।

यसै आवमा गरिएको सर्भेमा राप्ती र नारायणी नदीमा दुई सय ६५ वटा गोही देखिएका थिए। तीमध्ये छवटा भाले रहेको तिवारीले जानकारी दिनुभयो। नदी किनारमा जोखिममा रहेका गुँडहरूबाट सङ्कलन गरिएका अण्डा ह्याचिङमा राखेर निस्किएका चल्ला हुर्काएर नदीमा छोडिँदै आएको छ। यस आवमा राप्ती नदीमा एक सय पाँचवटा गोही छाडिएको छ। प्रकृतिक बासस्थानमा बाँच्ने र हुर्कने दर कम भएको संरक्षित वन्यजन्तु घडियाल गोहीको संरक्षणमा सहयोग पुर्‍याउने उद्देश्यले प्रजनन केन्द्रमा गोही हुर्काउने गरिएको छ। विसं २०३५ मा स्थापना गरिएको प्रजनन केन्द्रबाट हालसम्म एक हजार नौ सय ५७ घडियाल गोही प्राकृतिक बासस्थानमा छोडिएका छन्।

सूचना अधिकारी तिवारीले हालसम्म राप्तीमा एक हजार दुई सय दुई, नारायणीमा चार सय १९, बबईमा एक सय १०, सप्तकोशीमा एक सय १५, कालीगण्डकीमा ३५, कर्णालीमा ४१, बाँके राष्ट्रिय निकुञ्ज पश्चिम राप्ती नदीमा १० र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको चौधर खोलामा २५ वटा गोही छोडिएका जानकारी दिनुभयो। नदीमा छोडिएका भन्दा कम सङ्ख्यामा गोही हुनुको कारण पानीको बहाबसँगै बगेर जाने र मर्नेलगायत विभिन्न कारण रहेका उहाँले बताउनुभयो।